
सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण



२०८२ वैशाख, जेष्ठ र असार महिनामा
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन एकाइ, झापाबाट
सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन एकाइ,
झापा

स्वतः प्रकाशन (Proactive Disclours

नेपालको संविधानको धारा २७ मा रहेको नागरिको सूचनको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ। यसका लागि ऐन र नियमावलीमा गरि २० वटा शिर्षक तोकिएका छन्। सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गराउने सन्दर्भमा नेपाल सरकारका सबै मन्त्रालय र केन्द्रीयस्तरका निकायका सचिव, निर्वाचन आयोगमा दर्ता भएका १९४ वटा राजनैनिक दलका प्रमुख तथा नेपाल राष्ट्र बैंङ्क र बीमा समिति तथा तिनीहरुको अनुमतीमा सञ्चालित बैंङ्क तथा वित्तिय संस्था एवं बीमा कम्पनीहरुका प्रमुखहरु सार्वजनिक संस्थानका महाप्रवन्धक, समाज कल्याण परिषद र २५७ वटा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रमुखहरु तथा ७५३ वटा स्थानीय तहका कार्यकारी अधिकारीहरु आफ्नो र मातहत निकायमा नियमित रुपमा यस्तो विवरण प्रकाशित गर्न यस आयोगले आदेश जारी गरे पछि विवरण सार्वजनिक गर्ने प्रवित्तिमा उल्लेख्य सुधार आएको छ। सूचनाको हक सम्बन्धि कानुनको मूल ध्येय नै नागरिकले सूचना माग नगरे पनि आफ्नो निकायको पारदर्शिता, जवाफदेहिता र विश्वासनियताको लागि नियमित रुपमा विवरण प्रकाशित (ProactiveDisclosure) गर्नुपर्ने विश्वव्यापी मान्यता हो।

यसै क्रममा यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजजा, परियोजना कार्यान्वयन एकाइ, झापाले आ.व.२०८१/०८२ को २०८२ साल वैशाख, जेष्ठ र असार महिनामा सम्पादित कामको विवरण प्रस्तुत गरेको छ। यसै बमोजिम सबै त्रैमासिक अवधिमा सम्पादन गरिने कार्यक्रमलाई सूचनाको हक सम्बन्धि नियमावली अनुसार प्रकाशन गरिदै लगिने छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन एकाइ, झापा

मितिः २०८२ असार ३२ गते बुधबार

विषयसूची

१.	कार्यालयको स्वरुप र प्रकृति	१
२.	कार्यालयको काम, कर्तव्य र अधिकार	५
३.	कार्यालय अन्तरगत हालको कर्मचारी संख्या र कार्य विवरण	७
४.	कार्यालयबाट प्रदान गरिने सेवाहरु	८
५.	सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धित शाखा प्रमुख	८
६.	सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि	९
७.	निवेदन, उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी	९
८.	निर्णय उपर उजुरी सुन्ने अधिकारी	९
९.	सम्पादन गरेको कामको विवरण	१०
१०.	सूचना अधिकारी र प्रमुखको नाम र पद	१०
११.	ऐन, नियम, तथा निर्देशिकाहरु	१०
१२.	खर्चको फाँटवारी	११
१३.	तोकिए बमोजिमका अन्य विवरण	१३
१४.	अघिल्लो आ.ब.मा सञ्चालित कार्यक्रमहरु	१३
१५.	कार्यालयको इमेल वेभसाइट	१३
१६.	सूचना परियोजनामा प्राप्त भएको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धी विवरण	१३
१७.	साझेदारी कार्यक्रम र सोको प्रतिवेदन	१३
१८.	सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली	१३
१९.	सूचना माग सम्बन्धी निवेदन र सूचना दिइएको विषय	१३
२०.	सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सोको विवरण	१३

राष्ट्रिय सूचना आयोग
काठमाडौं, नेपाल

सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली, २०६५को नियम ३ बमोजिम प्रकाशित विवरण
आ.व. २०८१/०८२ (२०८२ वैशाख देखि २०८२ असार मसान्त सम्म)

१. कार्यालयको स्वरुप र प्रकृतिः

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ नेपालको कृषि क्षेत्रलाइ आगामी २० वर्षसम्म मार्ग निर्देश गर्ने कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा स्वदेशी सोच, स्वदेशी लगानी तथा आन्तरिक संस्थांगत जनशक्ति मार्फत तयार गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/०७४ देखि लागु हुने गरी १० वर्ष अवधिको लागि संचालनमा ल्याईएको छ। यस परियोजना अन्तर्गत साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम, व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम, वृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम गरि जम्मा चार वटा सम्भागहरु छन्।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ संचालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने रहेको छ।

परियोजनाको सोच, लक्ष्य एवं उद्देश्य

क. सोच

- कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवं आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच रहेको छ।

ख. लक्ष्य

- समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरि राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने परयोजनाको लक्ष्य रहेको छ।

ग. उद्देश्यहरु

यस परियोजनाका देहाय बमोजिमका उद्देश्यहरु रहेका छन्

- प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गर्ने
- निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने
- बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने

परियोजनाका सम्भागहरु

यस परियोजना अन्तर्गत देहाय बमोजिमका सम्भागहरु रहेका छन्

क. साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम ।
ख. व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम ।
ग. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम ।
घ. बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम।

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

यी संभागहरुमा कृषि सामाग्री आपूर्ती व्यवस्थापन, यान्त्रिकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान शिक्षा प्रसार सुदृढिकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरुको सेवा, कृषि जन्य उद्योगहरु स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम संचालन गरिने परियोजना दस्तावेजमा उल्लेख भएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापा अन्तर्गत १ वटा धान सुपरजोन र ५ वटा जोनहरु क्रमशः रबर जोन, सुपारी जोन, मकै जोन, तरकारी जोन र माछा जोन संचालन भई रहेका छन्। जस अनुसार धान सुपरजोन २०७३/०७४ देखि संचालन भई रहेको छ। त्यसैगरी रबर र सुपारी जोन आ.व.२०७५/०७६ देखि, मकैजोन आ.व.२०७६/०७७ देखि, तरकारी जोन र माछा जोन आ.व.२०८१/०८२ देखि संचालन भई रहेका छन्। यी जोनहरुका क्षेत्रहरु यस प्रकार छन्।

(क) धान सुपरजोनका क्षेत्रहरुः-

कचनकवल गाउँपालिका सबै वडाहरु (१ देखि ७), भद्रपुर नगरपालिका वडा नं .१,२,३, ४ र ६, मेचीनगर नगरपालिका वडा नं . ७, बुद्धशान्ति गाउँपालिका वडा नं .३, अर्जुनधारा नगरपालिका वडा नं .४, हल्दिबारी गाउँपालिका वडा नं .१, कनकाई नगरपालिका वडा नं .५, झापा गाउँपालिका वडा नं .१, शिवसताक्षी नगरपालिका वडा नं .२, कमल गाउँपालिका वडा नं .१ र २, दमक नगरपालिका वडा नं .३, गौरादह नगरपालिका वडा नं .४ ,५,६ र ७, गौरीगञ्ज गाउँपालिका वडा नं .३ र ४, विर्तामोड नगरपालिका वडा नं .१०, बाह्रदशी गाउँपालिका वडा नं .३

(ख) रबर जोन क्षेत्रहरुः-

मेचीनगर नगरपालिका वडा नं. २,९,११,१२,१५, विर्तामोड नमरपालिका वडा नं.६,१०, बुद्धशान्ति गाउँपालिका वडा नं.१,२,३,४, भद्रपुर नगरपालिका वडा नं.२,३,४, अर्जुनधारा नगरपालिका वडा नं. १,३,७,८,९,११, कचनकवल गाउँपालिका वडा नं.१,२,३, कनकाई नगरपालिका वडा नं.१,२,३, बाह्रदशी गाउँपालिका वडा नं.२,५,६, दमक नगरपालिका वडा नं. ३,१० रहेका छन्।

(ग) सुपारी जोन क्षेत्रहरुः-

मेचीनगर नगरपालिका वडा नं.१,२,३,४, बुद्धशान्ति गाउँपालिका वडा नं.१ देखि ७ सम्म, अर्जुनधारा नगरपालिका वडा नं.१ देखि ११ सम्म रहेका छन्।

(घ) मकै जोन क्षेत्रहरुः- कनकाई नगरपालिका वडा नं. ५,६, झापा गाउँपालिका वडा नं.१,२,३,४,५,६,७ रहेका छन्।

(ङ) तरकारी जोन क्षेत्रहरुः-

मेचीनगर नगरपालिका वडा नं.१,२,३,९, बुद्धशान्ति गाउँपालिका वडा नं.५,६,७, अर्जुनधारा नगरपालिका वडा नं. ८,९ रहेका छन्।

(च) माछा जोन क्षेत्रहरुः- कमल गाउँपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका र गौरीगन्ज गाउँपालिकाको सबै वडाहरु रहेका छन् ।

१. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

परिचय

बाली /वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका प्राथमिक प्रशोधनका लागि आवश्यक पूर्वाधार सहितको व्यवसायिक कृषि उत्पादनको निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) भनिनेछ। जोनमा बीउ/नश्ल, मल/आहारा र कृषि यन्त्र लगायतका उत्पादन सामाग्री, सिँचाइ, विद्युत र सडक, कृषि बजार लगायतका पूर्वाधार, कृषि ऋण, बीमा (बाली संरक्षण) एवं नीतिगत सहजीकरण, कृषक व्यवसायीको क्षमता विकास र प्राथमिक प्रशोधन उद्योग प्रवर्द्धन जस्ता सेवा सुविधा र पूर्वाधार मार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि उपज बजारीकरण र प्राथमिक कृषि प्रशोधन उद्योगहरु प्रवर्द्धन गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम वर्षमा ३० वटा जोन स्थापना भएका थिए र परियोजना अन्त्यसम्ममा जोनहरुको संख्या ३०० पुर्‍याइने परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम जोनहरुको विकास गरिनेछ।

वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.प्रा.)

उद्देश्य

व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) जोनमा समावेश गरिएका बाली/ वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरुको स्थापना मार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने,

(ग) जोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने।

जोनका लागि क्षेत्रफल/संख्याको न्यूनतम आधार

(क) जोन क्षेत्र छनौट र जोन विकास कार्यक्रम सञ्चालनको लागि तालिका-५ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफल वा संख्याको आधार पुरा गर्नु पर्नेछ।

तालिका ५: जोन विकास कार्यक्रम सञ्चालनका आधारहरु

बाली/वस्तु	इकाई	आधार	कैफियत
बाली	हेक्टर	५००	
मौरी	घार संख्या	५०००	
माछा (जलाशय क्षेत्र)	हेक्टर	५००	
गाई	उन्नत माउ संख्या	२०००	दैनिक ५००० लिटर दुध संकलन गर्ने चिलिङ्ग भ्याट सहितको कृषक उद्यमी वा समूह सहकारी
भैंसी	उन्नत माउ संख्या	१०००	
बाखा	उन्नत संख्या	१५०००	
बंगुर	उन्नत माउ संख्या	१०००	

(ख) तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको हाल सञ्चालनमा रहेका जोनको हकमा क्षेत्रफल विस्तार/संख्या वृद्धिका कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

जोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी

(क) परियोजना कार्यान्वयन एकाइ जोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन इकाईमा जोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय जोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। हाल सञ्चालनमा रहेका जोन सञ्चालन समितिसमेत बाँकी अवधिको लागि जोन सञ्चालन समन्वय समितिमा रुपान्तरण हुनेछन्।

(ख) जोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(ग) जोन क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहयोग गर्ने र जोन सञ्चालन अवधिको कार्ययोजना तयार गर्न परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

(घ) जोन अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, कानून बमोजिम दर्ता भएका कृषि सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने।

(ङ) जोन क्षेत्रका कृषकहरुको माग संकलन गरी परियोजना कार्यान्वयन इकाईमा पेश गर्ने, प्रविधि प्रसार एवं उत्पादित वस्तुको बजारीकरण र उद्योगसँग जोड्न सहजीकरण गर्ने।

(च) जोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लावन्दी खेती र पशुपालन प्रवर्द्धन गर्न परियोजना कार्यान्वयन एकाइलाई सहजीकरण गर्ने।

(छ) परियोजना अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास, प्रयोग र सम्वर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(ज) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(झ) जोन क्षेत्र भित्र सञ्चालन गरिने वार्षिक कार्यक्रमको सहभागितात्मक योजना तर्जुमाको लागि परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(ञ) जोन विकास कार्यक्रमको अनुगमन एवं पृष्ठपोषणमा परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

२. बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रम

परिचय

बाली वस्तु विशेषका लागि तोकिएको क्षेत्रफल वा संख्याको न्यूनतम आधार पुरा गरेका कृषिमा आधारित उद्योग सहितको व्यवसायिक रुपमा कृषि उत्पादन र कृषि उपज प्रशोधन हुने निश्चित क्षेत्रलाई व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) भनिनेछ। सुपर-जोनमा बीउ/नश्ल, मल/आहारा र कृषि यन्त्र लगायतका उत्पादन सामग्रीको उत्पादन, प्रयोगशाला सेवा, सिँचाइ, विद्युत र सडक, कृषि बजार लगायतका पूर्वाधारको व्यवस्था, कृषि ऋण, बीमा (बाली सुरक्षण) एवं नीतिगत सहजीकरण, कृषक व्यवसायी एवं कृषि प्राविधिकको क्षमता विकास, प्रशोधन उद्योग प्रवर्द्धन र कृषि उपजको गुणस्तर नियन्त्रण लगायतका क्रियाकलापहरु सञ्चलान गरी वृहत व्यवसायिक कृषि उत्पादन र औद्योगिक केन्द्र विकास गरिनेछ। परियोजना कार्यान्वयनको प्रथम वर्षमा ७ वटा सुपरजोन स्थापना भएका थिए भने परियोजना अन्त्यसम्ममा सुपरजोनहरुको संख्या २१ पुर्‍याइने परियोजना दस्तावेजमा उल्लेख भए बमोजिम सुपरजोनहरु विकास गरिनेछ।

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा आ.व.२०७३/०७४ देखि धान सुपरजोन लागु भई कार्यक्रम संचालन भईरहेको छ। शुरुमा कचनकवल गा.पा. मा लागु भएको सुपरजोन हाल आएर २०० हे./२०० हे. को क्लष्टरमा १५ वटै पालिकाहरुमा लागु भएको छ। जसको क्षेत्र यस प्रकार रहेको छ कचनकवल गाउँपालिका वडा नं.१ देखि ७ सम्म, भद्रपुर नगरपालिका वडा नं. १,२,३,४,६, मेचीनगर नगरपालिका वडा नं. ७, बुद्धशान्ति गाउँपालिका वडा नं. ३, अर्जुनधारा नगरपालिका वडा नं. ४, हल्दिबारी गाउँपालिका वडा नं. १, कनकाई नगरपालिका वडा नं. ५, झापा गाउँपालिका वडा नं. १, शिवसताक्षी नगरपालिका वडा नं. २, कमल गाउँपालिका वडा नं. १ र २ रहेको छ।

४.४.२ उद्देश्य: बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर-जोन) विकास कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ:-

(क) सुपरजोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

(ख) सुपरजोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायीकरण प्रवर्द्धन तथा प्रशोधन उद्योगहरुको स्थापना मार्फत कृषि औद्योगीकरणको आधारशिला तयार गर्ने,

(ग) प्रयोगशाला सेवा तथा कृषि अनुसन्धान र अध्ययन संस्थानको क्षमता अभिवृद्धि गर्ने

(घ) सुपरजोन तथा आसपासका क्षेत्रहरुमा रोजगारी सृजना गर्ने।

सुपरजोनका लागि क्षेत्रफलको न्यूनतम आधार

(क) सुपरजोन क्षेत्र छनौट र सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि तालिका-६ मा उल्लेख भए बमोजिम न्यूनतम क्षेत्रफलको आधार पुरा गर्नु पर्नेछ।

तालिका ६ सुपरजोन कार्यक्रम सञ्चालनका आधारहरु

बाली/वस्तु	इकाई	आधार	कैफियत
बाली	हेक्टर	१०००	
माछा (जलाशय क्षेत्र)	हेक्टर	१०००	

(ख) तोकिए बमोजिमको न्यूनतम क्षेत्रफल वा संख्या नपुगेको हाल सञ्चालनमा रहेका सुपरजोनको हकमा क्षेत्रफल विस्तार कार्यक्रम अनिवार्य रुपमा सञ्चालन गर्नु पर्नेछ।

सुपरजोन सञ्चालन समन्वय समिति गठन एवं जिम्मेवारी

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

(क) परियोजना कार्यान्वयन एकाइले सुपरजोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन इकाईमा सुपरजोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्र भित्रका संस्थाहरुको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय सुपरजोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ। यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ। सदस्य मध्ये एक जना समितिको संयोजक हुनेछ र समिति एवं सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ। हाल सञ्चालित सुपर जोन सञ्चालक समिति बाँकी रहेको अवधिको लागि सुपरजोन सन्चालन समन्वय समितिमा रुपान्तरण हुनेछ।

(ख) सुपरजोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछः-

(अ) सुपरजोन क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्न सहयोग गर्ने र सुपरजोन सञ्चालन अवधिको कार्ययोजना तयार गर्न परियोजना कार्यान्वयन इकाईलाई सहजीकरण गर्ने।

(आ) सुपरजोन अन्तर्गतका कृषक, कृषक समुह, कृषि सहकारी, उद्यमी, कानून बमोजिम दर्ता भएका कृषि सम्बन्धित कम्पनी वा फर्महरुको विवरण अद्यावधिक गर्न समन्वय गर्ने।

(इ) सुपर जोन क्षेत्रका कृषकहरुको माग संकलन गरी परियोजना कार्यान्वयन इकाईमा पेश गर्ने, प्रविधि प्रसार एवं उत्पादित वस्तुको बजारीकरण र उद्योगसँग जोड्न सहजीकरण गर्ने।

(ई) सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती प्रवर्द्धन गर्न परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(ऋ) परियोजना अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरुको विकास ,प्रयोग र सम्बर्द्धनमा समन्वय र सहजीकरण गर्ने।

(उ) परियोजनाका सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

(ऊ) सुपरजोन क्षेत्र भित्र सञ्चालन गरिने वार्षिक कार्यक्रमको सहभागितात्मक योजना तर्जुमाको लागि परियोजना कार्यान्वयन इकाईसँग समन्वय गर्ने।

(ए) सुपर जोन विकास कार्यक्रमको अनुगमन एवं पृष्ठपोषणमा परियोजना कार्यान्वयन इकाइलाई सहजीकरण गर्ने।

उपलब्ध हुने सेवा सुविधाहरु

तोकिएको पकेट, ब्लक, जोन र सुपरजोनमा संचालन हुने क्रियाकलापहरुका लागि नेपाल सरकारले तोकि दिएको अवस्थामा बाहेक बढीमा देहाय सेवा सुविधाहरु उपलब्ध गराईनेछ।

तालिका १४ परियोजनाबाट उपलब्ध हुने सुविधाहरु

क्र.सं.	विवरण	सुविधा
१	कृषि उत्पादन सामाग्रीहरु (बीउ, बेर्ना, विरुवा, माछा भुरा, पशुनश्ल लगायत)	बढिमा ५० प्रतिशत
२	प्राविधिक सहयोग	बढिमा १०० प्रतिशत
३	प्रयोगशाला सेवाहरु	बढिमा ८५ प्रतिशत
४	कृषि औजार तथा उपकरणहरु	बढिमा ५० प्रतिशत
५	साना सिंचाई पूर्वाधारहरु	बढिमा ८५ प्रतिशत
६	उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु	बढिमा ८५ प्रतिशत
७	नविनतम प्रविधिको विस्तार	बढिमा ८५ प्रतिशत
नोटः १ (केही अत्यावश्यक उत्पादन सामाग्रीहरुको व्यवस्थापनका लागि निर्देशक समितिको निर्णयानुसार सहजीकरणका विषयहरु थप हुन सक्नेछन्।)		

स्रोतः- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७, पहिलो संशोधन २०८१

२. कार्यालयको काम कर्तव्य र अधिकार

यस कार्यालयले निम्न संभागहरुमा काम गर्दै आएको छ।

वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.प्रा.)

क . धान सुपरजोन

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत धान बालीको सुपरजोन कचनकवल गाउँपालिकाको सबै वडा र भद्रपुर नगरपालिकाको वडा नं १, २ र ३ मा संचालित हुँदै आएकोमा आ.ब. २०७६/०७७ बाट १४ वटै स्थानिय तहमा २०० हेक्टरको क्लष्टरमा क्षेत्र विस्तार गरी कार्यक्रम लागु भएको छ । यस क्षेत्रमा हिउँदे ,चैते र बर्षे धानको उत्पादन हुने गर्दछ । बर्षे धानबालीको खेती यस क्षेत्रको सबै खेती योग्य जमिनिमा हुने गरेपनि चैते र बोरो धान बालीको खेती सिंचाई सुबिधा भएको क्षेत्रहरुमा हुने गरेको छ ।यस क्षेत्रको माटो धान बालीको लागि अत्यन्तै उपयुक्त रहेको पाइन्छ त्यसकारण २ बाली धान खेतीको विस्तार नै यस क्षेत्रको कृषि प्रणालीको उत्तम सम्भावना हो परियोजना लागु भएपछी सिंचाईको सुबिधा, यन्त्र उपकरणहरुको उपलब्धता र नवीनतम प्रविधिको प्रयोग बाट यस क्षेत्रमा हिउँदे र चैते धान खेतीको बिस्तार भएको पाइन्छ र नवीनतम प्रविधि प्रयोग बाट धान बालीको उत्पादकत्व बढेको छ । तसर्थ यस क्षेत्रमा स्वेच्छिक चक्लाबन्दी मार्फत यन्त्र उपकरण र नवीनतम प्रविधिको प्रयोग मार्फत धान खेतीको बिस्तार गरि बजार सुनिश्चित भएमा धान बालीको उत्पादन र औधोगिकरण सम्भव रहेको पाइन्छ ।

ख. मकै जोन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन एकाइ, झापा अन्तर्गत मकै बालीको जोन क्षेत्र २०७६ भाद्र महिनामा स्वीकृत भई संचालनमा आएको छ। आ.ब.२०७६/०७७ मा कनकाई नगरपालिका वडा नं-.५ र झापा गाउँपालिका वडा नं-.६ क्षेत्रमा मकै जोन लागु भई कार्यक्रम संचालन भएकोमा आ.ब.२०७७/०७८ मा क्षेत्र विस्तार भई कनकाई न.पा.को वडा नं-.६ र झापा गा.पा. को १,२,३,४,५ र ७ मा लागु भएको छ।मकै खेतीको लागि मलिलो र उर्वरशिल माटो भएको उक्त क्षेत्रमा यसै साना सिंचाई ,कष्टम हायरिङ्ग सेन्टर स्थापना, तालिम आदी जस्ता कार्यक्रमहरु संचालन भएका छन।

ग. सुपारी जोन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको तेस्रो संभागको रुपमा जोन पर्दछ। यसै अनुरुप झापा जिल्लामा वि.सं.२०७५ सालको श्रावण महिनाबाट सुपारी जोन संचालनमा आएको थियो। परियोजनाको उद्धेश्य बमोजिम जोनमा समावेश गरिएको सुपारी बालीमा पूर्वाधार विकास ,व्यवसायिकरण एवं प्रशोधन तर्फ केन्द्रित रहि कार्यक्रमहरु संचालन सम्पन्न गरिएको छ। सुपारी एक औषधिय गुण भएको पोथ्रा वर्गमा पर्ने एकदलिय वनस्पति हो । हिन्दु धर्मालम्बीहरुको मंगलिक कार्यहरुमा अपरिहार्य वस्तुको रुपमा प्रचलित यसको सांस्कृतिक नाम पुङ्गीफलम ताम्बुलम हो ।सुपारीको बोटानिकल (Botanical) नाम Areca Catechu हो, यो Piperaceae परिवारमा पर्छ । यसको अंग्रेजी नाम Betal Nut हो ।

नेपालमा सुपारी खेतीको इतिहास केलाउँदा फुलबारी बगैंचा सजावटको निमित्त झापा जिल्लाबाट रोपण शुरु भएको पाइन्छ । वि.सं.१९८७/८८ सालमा साविक शान्तिनगर निवासी स्व .गंगाधर घिमिरे ज्यूले तेजपुर आसामबाट बीउ ल्याई करेसा बारीमा लगाएको पाइन्छ । त्यसै गरी २००० साल तिर साविक शनिश्चरे गा.वि.स.-४ झापा निवासी स्व .ब्रहालाल कोइरालाले पर्शुराम तिर्थ जादा ल्याएको पाइन्छ । वि.सं .२००१ साल तिर बाहुनडाँगी गा.वि.स.-७ निवासी स्व. शिवलाल घिमिरे ज्यूले भारत तर्फबाट बीउ ल्याई करेसाबारीमा लगाएको पाइन्छ ।वि.सं .२०१२ सालमा झापा साविक बुधबारे ५ निवासी स्व. स्वामी चक्रानन्द घिमिरेले साधुकुटी क्षेत्रमा लगाइएका सुपारीका बिरुवाहरु इतिहासका पृष्ठभुमिमा रहेका छन् । यसरी घर सजावटको लागि सुरु भएको सुपारी अहिले आएर व्यवस्थित रुपमा नगदे बालीको रुपमा चिनिदै छ।अहिले सुपारीको खेती झापा, इलाम, मोरङ्ग र सुनसरी जिल्लामा व्यवसायिक रुपमा नै हुँदै आएको छ।२०७५ सालमा नेपाल सरकारले प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना अन्तर्गत झापाको बुद्धशान्ती गाँउपालिका, अर्जुनधारा नगरपालिका र मेची नगरपालिको वडा नं .१, २,३, ४ क्षेत्र समेट्ने गरी सुपारी जोन कार्यन्वयनमा ल्याएको छ। हाल सम्म यस परियोजनाको ५०% देखि ८५% अनुदान सहयोगमा सुपारी प्रशोधन उद्योग स्थापना भई संचालनमा आएको छ। यसबाट सुपारी प्रशोधन गरि विभिन्न किसिमका सुपारी प्रशोधनमा सहयोग पुगेको छ।र साथै साना मेसिनरी औजार तथा उपकरण जस्तैः सुपारीको बोक्रा उप्काउने मेसिन, सुपारीबारी जोत्न मिनी ट्रयाक्टर लगायतका सामाग्रीहरु वितरण भई सुपारी उत्पादनमा सघाउ पुर्याएको छ।

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

घ. रबर जोन

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको तेस्रो संभागको रुपमा जोन पर्दछ। यसै अनुरुप झापा जिल्लामा २०७५ सालको श्रावण महिनाबाट रबर जोन संचालनमा आएको थियो। परियोजनाको उद्धेश्य बमोजिम जोनमा समावेश गरिएको रबर बालीमा पूर्वाधार विकास ,व्यवसायिकरण एवं प्रशोधन तर्फ केन्द्रित रहि कार्यक्रमहरु संचालन सम्पन्न गरिएको छ। *Hevea brasiliensis*रबर उत्पादनको लागि महत्वपुर्ण बहुवर्षीय औद्योगिक वाली हो।७९ परिवार (Families) र३११ जाति (Genera) अन्तर्गत २००० प्रजाति (Species) को Latex बाट प्राकृतिक रबरको उत्पादन लिन सकिन्छ ।

वृक्षारोपण पश्चात उत्पादन लिन करिव ७/८ वर्ष पर्खनु पर्ने र उत्पादन शुरु भएपछि २५/३० वर्ष निरन्तर उत्पादन दिईरहन्छ । रबर जन्य उद्योगमा प्रमुख कच्चा पदार्थको रुपमा प्रयोग भई यस्ता रबरबाट ५० हजार भन्दा बढी प्रकारका सामानहरु उत्पादन भएको पाईन्छ ।

विगतमा सम्बन्धित प्राविधिकहरुको स्थलगत अवलोकन तथा अनुसन्धानद्धारा प्राप्त सकारात्मक नतिजाका आधारमा नेपालको पूर्वी तराई भेग-झापा, मोरङ्ग, सुनसरी र इलामको दक्षिणी बेसी भागमा निर्भयताकासाथ रबर खेती गर्न सकिन्छ । रबर खेतीलाई प्रभावित तुल्याउने तापक्रम, वार्षिक वर्षा, सापेक्षित आर्द्रता, समुन्द्री सतहदेखिको उचाइ, जमिनको सतहमुनिको माटोको स्थिति, माटोको अवस्था, हावापानी सम्बन्धी अन्य कुराहरु उक्त क्षेत्रका धेरै भू-भागमा अनुकूल पाइएको छ। उपर्युक्त सबै ठाँउको प्रतिनिधित्व गर्ने झापामा रेकर्डे केही मुख्य कारक तत्वका बारेको विवरण यसप्रकार रहेको छ:

सरदर तापक्रम	सरदर वार्षिक वर्षा	बार्षिक बर्षा दिन संख्या	समुन्दकोसतह देखिको उचाई	सरदर सापेक्षित आर्दता
२७° से.	२२६८ मि.मि.	१०९ दिन	२६५ मि.	७२%

हालका दिनहरुमा आइपुग्दा रबर खेती पनि देश विकासको लागि एक महत्वपूर्ण औद्योगिक खेतीको रुपमा हामी सामु देखापरेको छ। जुन बेलासम्म हामी कहाँ कुनै रबरजन्य उद्योगहरु स्थापना गरिएको थिएनन् त्यसबखंत यहाँ कच्चापदार्थको रुपमा रबरको आवश्यकता पर्ने कुरै भएन। तर पछिल्लो दिनहरुमा खुल्दै आएका ठूला-साना रबर उद्योगहरुमा आवश्यक प्रमुख कच्चापदार्थ प्राकृतिक रबर खरिदमा वर्षेनी करोडौँ करोड रुपियाँको विदेशी मुद्रा देशबाट बाहिरिन वृद्धि हुँदै गएबाट यही प्राकृतिक रबर उत्पादन गर्ने रबर खेतीको आवश्यकता र महत्व विगत डेढदशक यता देखि नै राष्ट्रका सामुन्ने झन्झन् बढी छलङ्गिदै आएको छ। यति चर्को आवश्यकता महसुस गरिएको रबर खेती स्वदेशमै गरी आत्मनिर्भर हुन मात्र होइन, साँच्चै कस्सिएर लाग्ने हो भने धेरै/थोरै मात्रामा पर मुलुकमा निर्यात गर्ने परिमाणमा रबर उत्पादनको हैसियत राख्ने हामीकहाँ प्रचुर सम्भावना छ। रबर जोन मेचीनगर नगरपालिका वडा नं .२,९,११,१२ र १५, वितामोड न.पा. वडा नं .६ र १०, बुद्धशान्ती गा.पा. वडा नं .१,२,३ र४, भद्रपुर न.पा. वडा नं . २,३ र ४, अर्जुनधारा न.पा. वडा नं .१,३,७,८,९ र ११, कचंनकवल गा.पा. वडा नं .१,२ र ३, कन्काई न.पा. वडा नं. १,२ र ३, बाह्रदशी गा.पा. वडा नं .२,५ र ६, दमक न.पा. वडा नं. ३ र १० रहेका छन्। हाल सम्म यस परियोजनाको ५०% देखि ८५% अनुदान सहयोगमा रबर प्रशोधन उद्योग स्थापना भई संचालनमा आएको छ। यसबाट रबरको चोप प्रशोधन गरि गम बनाउन सहयोग पुगेको छ। रबर चोप (Latex) संङ्कलन गर्ने सामाग्री वितरणबाट (Latex) संङ्कलनको गुणस्तर सुधार भएको छ।

(ङ) तरकारी जोन क्षेत्रहरु:-

यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा यसै आ.व.२०८१/०८२ बाट लागु भई सञ्चालनमा आएको छ। यसका क्षेत्रहरु मेचीनगर नगरपालिका वडा नं.१,२,३,९, बुद्धशान्ति गाउँपालिका वडा नं.५,६,७, अर्जुनधारा नगरपालिका वडा नं. ८,९ रहेका छन्।

(ङ) माछा जोन क्षेत्रहरु:- यस प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, झापामा यसै आ.व.२०८१/०८२ बाट लागु भई सञ्चालनमा आएको छ। यसका क्षेत्रहरु कमल गाउँपालिका, शिवसताक्षी नगरपालिका, गौरादह नगरपालिका र गौरीगन्ज गाउँपालिकाको सबैवडाहरु रहेका छन।

वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.प्रा.)

३. कार्यालय अन्तर्गत हालको कर्मचारी संख्या र कार्य विवरणः (चौथो त्रैमासिक तथा वार्षिक अवधिको)

आ.व.२०८१/०८२

क्र.सं.	स्वीकृत पद/श्रेणी	स्वीकृत दरबन्दी संख्या	पदपूर्ती	रिक्त दरबन्दी	कैफियत
१	ब.कृ.अ. /रा.प.द्वितिय (प्रा.)	१	१	०	
२	कृ.अ. / रा.प.तृतिय (प्रा.)	१	१	०	
३	ना.सु. / रा.प.अनं.प्रथम प्रशासन	१	१	०	
४	लेखापाल / रा.प.अनं.प्रथम लेखा	१	१	०	
५	प्रा.स. / रा.प.अनं.प्रथम (प्रा.)	२	२	०	
६	ना.प्रा.स-. रा.प.अनं.द्वितिय (प्रा.)	१	०	१	
७	कृषि सेवाका अधिकृत सेवा करार	१	१	०	
८	कृषि प्राविधिक करारमा लिने (व्यक्ति करार)	५	३	२	
९	सवारी चालक (सेवा करार)	१	१	०	
१०	कार्यालय सहयोगी (सेवा करार)	२	२	०	
११	कम्प्यूटर अपरेटर (सेवा करार/व्यक्ति करार)	१	१	०	
१२	सव-ओभरसियर (सेवा करार)	१	१	०	
१३	ना.प.स्वा.प्रा. (सेवा करार)	१	१	०	
जम्मा		१९	१६	३	

४. कार्यालयबाट प्रदान गरिने सेवाहरु

क. कृषक तालिम
ख. उन्नत विउ वितरण (५०% अनुदानमा) र उन्नत प्रविधि प्रदर्शन
ग. ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण सामाग्रीहरु वितरण
घ. चैते धान र हिउँदे मकैको चक्लाबन्दी खेती कार्यक्रम
ङ. कष्टम हायरिङ्ग सेन्टर स्थापना
च. साना सिंचाई निर्माण तथा मर्मत सम्भार
छ. उन्नत प्रविधि सहित क्षेत्र विस्तार
ज. चैते धान क्षेत्र विस्तार कार्यक्रम
झ. हिउँदे मकै क्षेत्र विस्तार कार्यक्रम
ञ. पोष्ट हार्भेष्ट सेन्टर/गोदाम घर निर्माण
ट. माटो परिक्षण शिविर
ठ. धान/मकैको बीउ उत्पादन तथा उन्नत विउ वितरण
ड. न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापनमा सहकारीलाई व्यवस्थापन अनुदान
ढ. वाली संरक्षण सेवा

वरिष्ठ कृषि अधिकृत (रा.प.द्वि.प्रा.)

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सम्बन्धि शाखा प्रमुख

यस कार्यालयबाट निम्न शाखाहरुबाट सेवा प्रदान गरिदै आएको छ। साथै उक्त शाखाका जिम्मेवार प्रमुखहरुको विवरण पनि तपिशल अनुसार रहेको छ।

(क) प्राविधिक तथा प्रसार शाखा

प्राविधिक तथा प्रसार शाखाले कृषि अनुसन्धान केन्द्रबाट सिफारिस भएका खाद्यान्न बाली, नगदे बाली, उन्नत बीउ विजन तथा उन्नत प्रविधिहरु कृषकहरुको खेतवारीमा परीक्षण गरी उपयुक्त देखिएमा प्रविधिहरुको प्रदर्शन गर्दछ । प्रभावकारी देखिएको प्रदर्शनहरुको प्रचार प्रसार गरी कृषक समक्ष पुऱ्याउने कार्य गर्दछ । यसको अलावा माटो परीक्षण सेवा, प्राङ्गरिक तथा जैविक मलको प्रयोग, उन्नत बीउ, मलखाद आधुनिक कृषि औजार तथा उपकरणको बारेमा कृषकलाई जानकारी गराई प्रयोग गर्न प्रोत्साहित गर्दछ । नयाँ नयाँ कृषि प्रविधिको बारेमा कृषकलाई जानकारी गराउन जोन/सुपरजोन क्षेत्रमा भएको उत्कृष्ट फर्म, व्यावसायिक खेती तथा जिल्ला बाहिरका कृषि फर्म, बीउ उत्पादन, उन्नत प्रविधि आदिको बारेमा भ्रमण माध्यमद्वारा स्थलगत अवलोकन गराई तथा प्रविधिबारे जानकारी गराउन त्यसप्रति अभिरुची जगाउने कार्य समेत यसै शाखाबाट संचालन गरिदै आएको छ ।

फिल्ड स्तरमा कृषकहरुबाट आएको विभिन्न रोग, किरा सम्बन्धी समस्याहरुको अध्ययन गरी तिनीहरुको निराकरण गर्ने र आकस्मिक प्रकोप, महामारीको रुपमा, रोग किराको प्रकोप भएका यस शाखाबाट निःशुल्क विषादी औषधीहरु पनि प्रदान गरिन्छ। साथै कार्यक्रमहरुको अनुगमन गरि भुक्तानीको सिफारिस पनि यसै शाखाबाट संचालन गरिदै आएको छ।

(ख) योजना शाखा

यस शाखाद्वारा कार्यालयमा संचालित विभिन्न शाखाहरुसंग सम्पर्क राखी जिल्लाको सम्भाव्यता र आवश्यकता अनुसार वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गरी विभिन्न तहहरुबाट स्वीकृत गराउने र विभिन्न क्षेत्रगत सम्भाव्यता अनुसार विभाजन गर्ने कार्य गर्दछ । साथै त्रैमासिक तथा वार्षिक प्रतिवेदन तथा तथ्यांङ्क अध्यावधी गर्ने गर्दछन ।

(ग) प्रशासन फाँट

कार्यालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत अभिलेख राख्ने, लेखा सम्बन्धी सम्पूर्ण कार्यक्रम संचालन गर्नुका साथै कार्यालयको जिन्सी सम्बन्धी सम्पूर्ण कार्य यसै शाखाबाट संचालन गरिन्छ ।

(घ) लेखा फाँट

कार्यालयमा बजेट तथा खर्चको अभिलेख राख्ने लेखा सम्बन्धी सम्पूर्ण कार्य गर्ने गरिन्छ।

शाखाका जिम्मेवार प्रमुखहरु

प्राविधिक तथा प्रसार शाखा

कृ.अ. श्री सीता खरेल
कृ.अ. श्री ज्योती कुमारी चौधरी
प्रा.स. श्री मोहन कुमार सिंह
प्रा.स. श्री रविन निरौला

प्राविधिक फाँट

कृषि प्राविधिक श्री लक्ष्मी प्रसाद काफ्ले
कृषि प्राविधिक श्री मुना देवी लामिछाने
कृषि प्राविधिक श्री अमृत कार्की
पशु स्वास्थ्य प्राविधिक श्री दिपेश राजवंशी

योजना शाखा

प्रा.स. श्री रविन निरौला (सूचना अधिकारी)

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

प्रशासन फाँट

ना.सु. श्री चुडामणी निरौला

कम्प्युटर अपरेटर श्री एविधन मगर

का.स. श्री भवानी विष्ट

का.स. श्री सुनिता खतिवडा

का.स. श्री कृष्ण घिमिरे

लेखा फाँट

लेखापाल श्री प्रदिपराज कोईराला

६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

यस कार्यालयबाट प्रदान गरिने सेवाहरु निशुल्क प्रदान गरिने छ। कामको प्रकृति अनुसार सोही दिन वा बढीमा १४ दिन भित्र सेवा प्रदान गरिनेछ।

७. निवेदन, उजुरी उपर निर्णय गर्ने प्रकृया र अधिकारी

श्री रविन्द्र सुवेदी (ब.कृ.अ.) कार्यालय प्रमुख

८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

श्री रविन्द्र सुवेदी (ब.कृ.अ.) कार्यालय प्रमुख

९. सम्पादन गरेको कामको विवरण (२०८२ वैशाख देखि २०८२ असार मसान्त सम्म)

- स्थानीय तहबाट संचालित पकेट/ब्लक विकास कार्यक्रमको वार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न गरको
- कृषि यान्त्रिकरण कार्यक्रमको अनुदान भुक्तानी सम्पन्न गरेको।
- कष्टम हायरिङ्ग सेन्टर स्थापना कार्यक्रमको अनुदान रकम भुक्तानी सम्पन्न गरेको।
- यस आ.व. २०८१/०८२ मा परियोजनाबाट संचालित कार्यक्रमहरुको संयुक्त अनुगमन कार्य सम्पन्न गरेको।
- उन्नत प्रविधि सहित चैते धान क्षेत्र विस्तार कार्यक्रम ६१७ हेक्टरमा सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- चैते धान प्रवर्द्धन कार्यक्रम ३७४ हेक्टरमा सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- सिंचाई पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यक्रम सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- चैते धान प्रशोधन उद्योग तथा बजारिकरण सहयोग कार्यक्रम
- तरकारी खेती उन्नत प्रविधि कृषक तालिम सम्पन्न गरेको।
- रबर खेती प्रविधि कृषक तालिम सम्पन्न गरेको।
- सुपारी खेती प्रविधि कृषक तालिम सम्पन्न गरेको।
- नयाँ मत्स्य पोखरी निर्माण ११ हेक्टर सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- पुरानो मत्स्य पोखरी मर्मत ६.६ हेक्टरमा सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- मत्स्य पोखरीमा चरा व्यवस्थापनको लागी जाली सहितको छेकबार सहयोग ७.१३ हेक्टर सम्पन्न भई अनुदान रकम भुक्तानी भएको।
- व्यवसायिक तरकारी खेती कार्यक्रम (कम्तिमा १० कठ्ठामा तरकारी खेती) ६ वटा फर्महरुले ५.०६ हेक्टरमा सम्पन्न गरिएको।
- नियमित प्राविधिक सेवा र फिल्ड अनुगमन तथा अनुदान रकम भुक्तानी सम्पन्न गरेको ।

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

९.१. परियोजनाको अनुदान वितरणमा अवलम्वन गरिएका प्रकृयाहरु

- समूह/सहकारी /फर्म तथा कम्पनीहरुलाई सूचिकृत
- वार्षिक कार्यक्रम प्रस्तावको सूचना प्रकाशन गरी प्रस्ताव आवेदन माग ।
- दर्ता भएका आवेदन प्रस्तावहरुको फिल्ड भेरिफिकेशन ।
- फिल्ड भेरिफिकेशन प्रतिवेदन बैठकमा पेश गरी छलफल पश्चात मूल्यांकन गरी छनौट स्वीकृत ।
- छनौट भएका प्रस्तावहरुलाई जानकारी दिई कार्यक्रम संचालनका लागि डिजाईनिङ्ग तथा लागत ईस्टिमेट तयार गरि सम्झौता।
- कार्यक्रम संचालन शुरु भएपछी बिचमा फिल्ड अनुगमन ।
- समूह/सहकारी/फर्म तथा कम्पनीहरुले कार्य सम्पन्न गरि भुक्तानीका लागि कागजपत्र पेश गरे पश्चात कार्यालयबाट प्राविधिक टोलीले फिल्ड अनुगमन गरि कार्य सम्पन्न प्रतिवेदन तथा सिफारिसका आधारमा अनुदान रकम भुक्तानी ।

१०. सूचना अधिकारी र प्रमुखको नाम र पद

प्रमुख श्री रविन्द्र सुवेदी (वरिष्ठ कृषि अधिकृत)

सूचना अधिकारी श्री रविन निरौला (प्राविधिक सहायक)

११. ऐन नियम तथा निर्देशिकाहरु

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७, पहिलो संसोधन २०८१
- नेपाल सरकारबाट स्वीकृत भएको ऐन/नियम र कानुनहरु (सार्वजनिक खरिद ऐन,२०६३, सार्वजनिक खरिद नियमावली, २०६४)
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७
- भ्रमण खर्च नियमावली, २०६४
- कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन कार्यविधि, २०८१

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

नेपाल सरकार

म.ले.प. फारम नं.२१०

परियोजना कार्यान्वयन इकाई
कार्यालय कोड नं : ३१२००१२०४
खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३१२००१०६२
कार्यक्रम/कार्यक्रम नाम: प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

वार्षिक खर्च: २०८१/८२
महिना: असार

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्याहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्याहोर्ने निकाय	भुक्तानी विधि								
21111 पारिश्रमिक कर्मचारी					४,१२६,०००.००	३,१२६,०३७.६०	३,२७४,३३६.३०	३७१,७०१.३०	३,१४५,०३७.६०	०.००	३,१४५,०३७.६०	१९९,९६२.४०
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			४,१२६,०००.००	३,१२६,०३७.६०	३,२७४,३३६.३०	३७१,७०१.३०	३,१४५,०३७.६०	०.००	३,१४५,०३७.६०	१९९,९६२.४०
21121 पोशाक					५०,०००.००	५०,०००.००	५०,०००.००	०.००	५०,०००.००	०.००	५०,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			५०,०००.००	५०,०००.००	५०,०००.००	०.००	५०,०००.००	०.००	५०,०००.००	०.००
21132 सहयोगी भत्ता					१६८,०००.००	१३९,०००.००	११८,०००.००	१४,०००.००	१३९,०००.००	०.००	१३९,०००.००	२९,०००.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१६८,०००.००	१३९,०३०.००	११८,०००.००	१४,०००.००	१३९,०००.००	०.००	१३९,०००.००	२९,०००.००
21134 कर्मचारीको बैठक भत्ता					१००,०००.००	९९,५००.००	९९,५००.००	०.००	९९,५००.००	०.००	९९,५००.००	५००.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१००,०००.००	९९,५००.००	९९,५००.००	०.००	९९,५००.००	०.००	९९,५००.००	५००.००
21139 अन्य भत्ता					४८,०००.००	२७,३२५.००	३,२००.००	२४,१२५.००	२७,३२५.००	०.००	२७,३२५.००	२०,६७५.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			४८,०००.००	२७,३२५.००	३,२००.००	२४,१२५.००	२७,३२५.००	०.००	२७,३२५.००	२०,६७५.००
21213 पोशाकबापत खरीदित बीमा शोध खर्च					३४,०००.००	२६,४००.००	२३,६००.००	२,८००.००	२६,४००.००	०.००	२६,४००.००	७,६००.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			३४,०००.००	२६,४००.००	२३,६००.००	२,८००.००	२६,४००.००	०.००	२६,४००.००	७,६००.००
22111 घरेलु उपयोगी					२२०,०००.००	२१६,३००.००	२१०,३००.००	६,०००.००	२१६,३००.००	०.००	२१६,३००.००	३,६७०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२२०,०००.००	२१६,३००.००	२१०,३००.००	६,०००.००	२१६,३००.००	०.००	२१६,३००.००	३,६७०.००
22112 औजार सहायक					१३२,०००.००	१७६,४६४.००	१४४,७१५.००	३१,८४९.००	१७६,४६४.००	०.००	१७६,४६४.००	७६,४३६.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१३२,०००.००	१७६,४६४.००	१४४,७१५.००	३१,८४९.००	१७६,४६४.००	०.००	१७६,४६४.००	७६,४३६.००
22212 इन्धन (यातायात इन्धनबाट)					६३८,०००.००	६७०,६२१.५०	५५८,००७.५०	७९,११४.००	६३७,१२१.५०	०.००	६३७,१२१.५०	७८.५०
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			६३८,०००.००	६७०,६२१.५०	५५८,००७.५०	७९,११४.००	६३७,१२१.५०	०.००	६३७,१२१.५०	७८.५०
22213 सवारी साधन मर्मत खर्च					४८५,०००.००	४८५,०००.००	४८५,०००.००	०.००	४८५,०००.००	०.००	४८५,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			४८५,०००.००	४८५,०००.००	४८५,०००.००	०.००	४८५,०००.००	०.००	४८५,०००.००	०.००
22214 बीमा तथा नवीकरण खर्च					१३३,०००.००	११०,२६१.१२	११०,२६१.१२	०.००	११०,२६१.१२	०.००	११०,२६१.१२	२२,७३८.८८
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१३३,०००.००	११०,२६१.१२	११०,२६१.१२	०.००	११०,२६१.१२	०.००	११०,२६१.१२	२२,७३८.८८
22221 सिंचाई तथा बीमार मर्मत सम्भार तथा सञ्चालन खर्च					२००,०००.००	२००,०००.००	२००,०००.००	०.००	२००,०००.००	०.००	२००,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२००,०००.००	२००,०००.००	२००,०००.००	०.००	२००,०००.००	०.००	२००,०००.००	०.००

Printed By: pradipkisi
Printed Date: Jul 05, 2025 10:12 AM
Page 1 / 3

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्याहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्याहोर्ने निकाय	भुक्तानी विधि								
22311 यातायात तथा कार्यालय सामग्री					३२६,०००.००	३२६,०००.००	३२६,०००.००	०.००	३२६,०००.००	०.००	३२६,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			३२६,०००.००	३२६,०००.००	३२६,०००.००	०.००	३२६,०००.००	०.००	३२६,०००.००	०.००
22314 पुस्तक - अन्य प्रयोजन					६०,०००.००	६०,०००.००	४५,८४०.००	१४,१६०.००	६०,०००.००	०.००	६०,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			६०,०००.००	६०,०००.००	४५,८४०.००	१४,१६०.००	६०,०००.००	०.००	६०,०००.००	०.००
22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च					१६१,०००.००	११८,७८७.००	४७,२४०.००	७१,५३७.००	११८,७८७.००	०.००	११८,७८७.००	४२,२१३.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१६१,०००.००	११८,७८७.००	४७,२४०.००	७१,५३७.००	११८,७८७.००	०.००	११८,७८७.००	४२,२१३.००
22411 सेवा र परामर्श खर्च					९७७,०००.००	८७८,६८२.००	७६१,०६०.००	११७,६३२.००	८७८,६८२.००	०.००	८७८,६८२.००	९८,३१८.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			९७७,०००.००	८७८,६८२.००	७६१,०६०.००	११७,६३२.००	८७८,६८२.००	०.००	८७८,६८२.००	९८,३१८.००
22413 कपडा सेवा शुल्क					४,२७३,०००.००	२,६४१,०८८.००	२,६८८,६१७.००	२४४,६४१.००	२,६४१,०८८.००	०.००	२,६४१,०८८.००	१,३३०,९१२.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			४,२७३,०००.००	२,६४१,०८८.००	२,६८८,६१७.००	२४४,६४१.००	२,६४१,०८८.००	०.००	२,६४१,०८८.००	१,३३०,९१२.००
22419 अन्य सेवा शुल्क					२९६,०००.००	२९६,०००.००	२४३,०००.००	४३,०००.००	२९६,०००.००	०.००	२९६,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२९६,०००.००	२९३,०००.००	२४३,०००.००	४३,०००.००	२९६,०००.००	०.००	२९६,०००.००	०.००
22512 योग शिक्षक तथा कार्यक्रम आदिमा हुने तोकी रकमको खर्च					१,७०३,०००.००	१,६१८,८५०.००	१,५१०,८५०.००	१०८,०००.००	१,६१८,८५०.००	६४८,०००.००	१,०४०,८५०.००	४,१५०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१,७०३,०००.००	१,६१८,८५०.००	१,५१०,८५०.००	१०८,०००.००	१,६१८,८५०.००	६४८,०००.००	१,०४०,८५०.००	४,१५०.००
22522 कार्यक्रम खर्च					१६,०६०,०००.००	१४,२६६,८६१.००	६,१४८,६६६.००	६,८०८,६८२.००	१४,२६६,८६१.००	१,०४८,७६०.००	१४,२१८,१०१.००	६,८१३,१९९.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१६,०६०,०००.००	१४,२६६,८६१.००	६,१४८,६६६.००	६,८०८,६८२.००	१४,२६६,८६१.००	१,०४८,७६०.००	१४,२१८,१०१.००	६,८१३,१९९.००
22611 अनुवाद, मूल्यांकन खर्च					४५,०००.००	४५,०००.००	४८२,३४२.००	१४,६४८.००	४५,०००.००	०.००	४८२,३४२.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			४५,०००.००	४५,०००.००	४८२,३४२.००	१४,६४८.००	४५,०००.००	०.००	४८२,३४२.००	०.००
22612 प्रकाशन खर्च					२५७,०००.००	२५७,०००.००	२५७,०००.००	०.००	२५७,०००.००	०.००	२५७,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२५७,०००.००	२५७,०००.००	२५७,०००.००	०.००	२५७,०००.००	०.००	२५७,०००.००	०.००
22711 विविध खर्च					२५०,०००.००	२४६,११२.००	११०,०७७.००	४९,०३५.००	२४६,११२.००	०.००	२४६,११२.००	४८८.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२५०,०००.००	२४६,११२.००	११०,०७७.००	४९,०३५.००	२४६,११२.००	०.००	२४६,११२.००	४८८.००
28413 अन्य संस्थाहरुलाई अनुदान— खर्च					९,३९१,०००.००	७,७९०,९९०.००	६,९९९,४९६.००	१,४२१,४९४.००	७,७९०,९९०.००	०.००	७,७९०,९९०.००	१,३९०,३१०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			९,३९१,०००.००	७,७९०,९९०.००	६,९३१,४९६.००	१,४२१,४९४.००	७,७९०,९९०.००	०.००	७,७९०,९९०.००	१,३९०,३१०.००
28423 अन्य संस्थाहरुलाई चालु पुँजीगत अनुदान					२७,४३६,०००.००	२७,४४०,६४१.००	१५,४३३,६९०.००	८,१०७,०३१.००	२७,४४०,६४१.००	५,८१२.००	२७,४३५,१९९.००	५,८१४,३४९.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			२७,४३६,०००.००	२७,४४०,६४१.००	१५,४३३,६९०.००	८,१०७,०३१.००	२७,४४०,६४१.००	५,८१२.००	२७,४३५,१९९.००	५,८१४,३४९.००
28142 घर बाटा					१,०८०,०००.००	७८०,०००.००	६८५,०००.००	१९५,०००.००	७८०,०००.००	०.००	७८०,०००.००	३००,०००.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार	01-नगद			१,०८०,०००.००	७८०,०००.००	६८५,०००.००	१९५,०००.००	७८०,०००.००	०.००	७८०,०००.००	३००,०००.००
	जम्मा				८२,९१६,०००.००	६४,८२७,७८०.२२	४४,४४४,३९६.९२	२०,३७२,७१०.३०	६४,८२७,७८०.२२	१,७१७,७४०.००	६३,११०,०४०.२२	१८,०१८,९१९.७८

खोलगत जम्मा

Printed By: pradipkisi
Printed Date: Jul 08, 2025 10:12 AM
Page 2 / 3

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

1100001-नेपाल सरकार/प्रदेश सरकार	८२,१२६,०००.००	६४,८२७,०८०.२२	४४,४४४,३६१.१२	२०,३७२,७१०.३७	६४,८२७,०८०.२२	१,७१७,०४०.००	६३,११०,०३०.२२	१८०१८,११९.७८
01-नगद	८२,१२६,०००.००	६४,८२७,०८०.२२	४४,४४४,३६१.१२	२०,३७२,७१०.३७	६४,८२७,०८०.२२	१,७१७,०४०.००	६३,११०,०३०.२२	१८०१८,११९.७८
जम्मा	८२,१२६,०००.००	६४,८२७,०८०.२२	४४,४४४,३६१.१२	२०,३७२,७१०.३७	६४,८२७,०८०.२२	१,७१७,०४०.००	६३,११०,०३०.२२	१८०१८,११९.७८

तयार गर्ने : .....
नाम:
पद :
मिति :

पेस गर्ने : .....
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: .....
नाम :
पद:
मिति :

पुँजीगत तर्फको खर्चको फाँटवारी (२०८१/०८२ चौथो त्रैमासिक तथा वार्षिक अवधिको)

नेपाल सरकार

अ.सं.प. फारम नं.२१०

परियोजना कार्यान्वयन इकाई
कार्यालय कोड नं : ३१२००१२०४
खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: ३१२००१०६४
आयोजना/कार्यक्रम नाम: प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

वार्षिक वर्ष: २०८१/८२
महिना: असार

खर्च/वित्तीय संकेत नम्बर / नाम	प्राथमिक तह		द्वितीय तह		अन्तिम बजेट	यस महिना सम्मको निकासा	गत महिना सम्मको खर्च	यस महिनाको खर्च	यस महिना सम्मको खर्च	पेस्की	पेस्की बाहेक खर्च रकम	बाँकी बजेट
	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि	स्रोत व्यहोर्ने निकाय	भुक्तानी विधि								
८०-कम्पोनेन्ट समष्टी					८,८२६,०००.००	८,८१६,७७१.००	८,१४३,७७९.००	६७९,२००.००	८,८२२,१७१.००	०.००	८,८२२,१७१.००	३,०२९.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार 01-नगद				२५,०००.००	२५,०००.००	०.००	२५,०००.००	२५,०००.००	०.००	२५,०००.००	०.००
	1100001-नेपाल सरकार/प्रदेश सरकार 02-नगद (आन्तरिक ऋण)				८,८००,०००.००	८,७९०,७७१.००	८,१४३,७७९.००	६४४,२००.००	८,७९८,१७१.००	०.००	८,७९८,१७१.००	३,०२९.००
	जम्मा				८,८२६,०००.००	८,८१६,७७१.००	८,१४३,७७९.००	६७९,२००.००	८,८२२,१७१.००	०.००	८,८२२,१७१.००	३,०२९.००

खेतगत जम्मा

1100001-नेपाल सरकार/प्रदेश सरकार	८,८२६,०००.००	८,८१६,७७१.००	८,१४३,७७९.००	६७९,२००.००	८,८२२,१७१.००	०.००	८,८२२,१७१.००	३,०२९.००
01-नगद	२५,०००.००	२५,०००.००	०.००	२५,०००.००	२५,०००.००	०.००	२५,०००.००	०.००
02-नगद (आन्तरिक ऋण)	८,८००,०००.००	८,७९०,७७१.००	८,१४३,७७९.००	६४४,२००.००	८,७९८,१७१.००	०.००	८,७९८,१७१.००	३,०२९.००
जम्मा	८,८२६,०००.००	८,८१६,७७१.००	८,१४३,७७९.००	६७९,२००.००	८,८२२,१७१.००	०.००	८,८२२,१७१.००	३,०२९.००

तयार गर्ने : .....
नाम:
पद :
मिति :

पेस गर्ने : .....
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: .....
नाम :
पद:
मिति :

भारित प्रगति २०८१/०८२ (चौथो त्रैमासिक तथा वार्षिक अवधिको)

कार्यक्रम	चौथो त्रैमासिक भारित प्रगति			बार्षिक भारित प्रगति		
	लक्ष्य भार	प्रगति भार	भारित प्रगति प्रतिशत	लक्ष्य भार	प्रगति भार	भारित प्रगति प्रतिशत
पूँजीगत	३.३८	३.३८	१००.००	६.५६	६.५६	१००
चालु	१३.००	११.८३	९१.०२	९३.४४	८१.४४	८७.१६
जम्मा	१६.३८	१५.२१	९२.८८	१००.०	८८.००	८८.००

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)

वित्तिय प्रगति २०८१/०८२ (चौथो त्रैमासिक तथा वार्षिक अवधिको) बजेटः रु. हजारमा

कार्यक्रम	चौथो त्रैमासिक वित्तिय प्रगति			वार्षिक वित्तिय प्रगति		
	चौथो त्रैमासिक विनियोजन	खर्च	खर्च प्रतिशत	बार्षिक विनियोजन	खर्च	खर्च प्रतिशत
पूँजीगत	३०००	२५८५	८६.१७	५८२५.००	५८२३.००	९९.९७
चालु	११५३९	३७५११	३२५.०८	८२९२६.००	६४८२७.००	७८.१७
जम्मा	१४५३९	४००९६	२७५.७८	८८७५१.००	७०६५०.००	७९.६०

१३. तोकिए बमोजिम अन्य विवरण

केही नभएको।

१४. अघिल्लो आ.व.मा सञ्चालित मूख्य मूख्य कार्यक्रमहरु

क. कृषक तालिम ।

ख. उन्नत विउ वितरण (५०% अनुदानमा) र उन्नत प्रविधि प्रदर्शन

ग. ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकरण सामाग्रीहरु वितरण ।

घ. चक्लाबन्दी खेती कार्यक्रम

ङ. साना सिंचाई निर्माण तथा मर्मत सम्भार

च. उन्नत प्रविधि सहित क्षेत्र विस्तार

छ. माटो परिक्षण शिविर

ज. धान/मकैको बीउ उत्पादन

झ. वाली संरक्षण सेवा

१५. कार्यालयको ईमेल/वेवसाईटः

यस कार्यालयको ईमेल ठेगान तपशिल बमोजिम रहेको छ ।

फोन नं. ०२३-४५६१८८

ईमेल- pmamp.piu.jhapa@gmail.com

वेव साईडः- www.piujhapa.pmamp.gov.np

१६. सूचना परियोजनाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् सम्झौता सम्बन्धि विवरणः हाल सम्म कुनै सूचना परियोजनाले वैदेशिक सहायता, ऋण, एवम् अनुदान प्राप्त नगरेको।

१७. साझेदारी कार्यक्रम र सोको प्रतिवेदनः केही नभएको।

१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावलीः सबै सूचना खुला रहेको।

१९. सूचना माग सम्बन्धि निवेदन र सूचना दिएको विषयः लिखित रुपमा कुनै सूचना माग नगरेको।

२०. सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भए सोको विवरणः स्थानीय रेडियोबाट र स्थानिय पत्रिकाबाट।

वरिष्ठ कृषि अधिकृत
(रा.प.द्वि.प्रा.)